आज मिति ०८४ साल भाद्र ३० गते शुक्रबार बिहान ८ बजे अर्जुनधारा नगरपालिकाको नगरस्तरीय राष्ट्रिय परामर्श समितिको बैठक अर्जुनधारा नगरपालिकाका नगरउपप्रमुख श्री कमला खतिवडा आचार्यज्यूको अध्यक्षतामा तपशिल उपस्थितीमा बसी देहायबमोजिम विषयमा छलफल गरी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती

① नगरउपप्रमुख श्री कमला खतिवडा आचार्य- संयोजक
② कार्यकारी अधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्य
③ न.का.स., श्री शकुन्तला बराल, सदस्य
④ न.का.इ., श्री एकनाथ दत्त, सदस्य
⑤ उ.वा. संघ, सचिव, श्री चतुर्भुज काफ्ले, सदस्य
⑥ लेखा अधिकृत, श्री मदन कुमार पौडेल, सदस्य सचिव

आमन्त्रित

① अ.इ.इन्जिनियर, श्री हरि रत्न पोखरेल
② खरिदार, श्री सोजन कटुवाल

निर्णय नं.१. सटर भाडा सम्बन्धमा।

यस अर्जुनधारा नगरपालिकाको स्वामित्वमा शनिश्चरे बजारमा रहेका व्यवसायिक सटरका लागि साविक नगरपरिषद्ले पारित गरेका कौडा भाडा दररेटका सम्बन्धमा व्यवसायीहरु बाट पुनर्विचार गरियोस् भन्ने आएको निवेदन आएकामा यो दररेटलाई चालु आ.व.मा निरन्तरता दिई आगामी आ.व.मा नबढाउने भन्ने विषय नगर कार्यपालिकालाई सिफारिश गर्ने निर्णय गरियो।

निर्णयनं.२. नउठेका व्यवसायकर सम्बन्धमा।

यस नगरपालिकाको आर्थिक विधेयक,२०८८ मा उल्लेख भएका तर हाल सम्म कार्यन्वयन हुन नसकेका व्यवसाय/सेवा करहरुलाई उठाउन सम्भव भएसम्म पत्ता लगाई र सम्भव हुन नसक्ने क्षेत्रमा कुनै थलिए, संघ संस्थालाई निश्चित प्रतिशत प्रोत्साहन दिएर उठाउने व्यवस्था मिलाउन नगर कार्यपालिकालाई सिफारिश गर्ने निर्णय गरियो।

३. बहालकर सम्बन्धमा।

यस नगरपालिकाको स्वामित्वमा रहेका घरटहरामा भाडा गरी बस्ने व्यापारीहरुले घरबहाल कर स्वयम् तिर्दै आएकोमा अब उप्रान्त उक्त बहाल कर नगरपालिकामै बुझाउने व्यवस्था मिलाउने ~~विषय गरियो~~ गरी नगरपालिका मार्फत सम्बन्धित ~~विषय~~ निकायमा बुझाउने व्यवस्था मिलाउन नगरकार्यपालिकामा सिफारिश गर्ने निर्णय गरियो।

४. एकिकृत सम्पत्ति कर सम्बन्धमा।

यस नगरपालिकाले हाल: जग्गाको मालपोत र घरधुरीकर अलग अलग असुल गरिरहेकोमा नगरपालिकाको दोगो आम्दानी को स्रोतको रुपमा रहेको एकिकृत सम्पत्ति कर आगामी आ.व. ०८२/०८३ देखी लगाउने व्यवस्था मिलाउन सो को सम्भाव्यता अध्ययन गर्न विज्ञ समितिको टोली निर्माण गर्ने, स्थानीय हलफल कार्यक्रम गरी वृहत छलफल गर्ने विषय नगर कार्यपालिकामा सिफारिश गर्ने निर्णय गरियो।